# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## आर्थिक वर्ष २०८२/०८३ को बैशाख-असारमा सम्पादित क्रियाकलापको विवरण




गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, नेपाल

## विषय सूची


१. मन्त्रालयको स्वरुप र प्रकृति
२. मन्त्रालयको काम, कर्तव्य र अधिकार
३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. मन्त्रालयबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्वन्धित शाखा प्रमुख
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. आ.व. २०८२/०८३ मा सम्पादित कामको विवरण
१०. मन्त्रालयबाट हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरु
११. सुचना अधिकारी र प्रमुखको नाम र पद
१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण
१४. तोकिए बमोजिमका अन्य विवरण
१५. मन्त्रालयको वेवसाइट
१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको विवरण
१७. मन्त्रालयमा परेको सूचना माग सम्वन्धी निवेदन र सूचना दिईएको विषय
१८. मन्त्रालयले गरेको प्रकाशन विवरण

## १. मन्त्रालयको स्वरुप र प्रकृति

प्रदेश सरकार स्थापना पश्चात तत्कालिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय मातहत रहने गरी उद्योग र वाणिज्य तर्फको कार्य सम्पादन गर्ने प्रयोजनार्थ एक निर्देशनालय (उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय), पर्यटन कार्यालय, पोखरा १ र घरेलु तथा साना उद्योग कार्यालय ११ जिल्लामा एक एक वटा गरी जम्मा १४ वटा कार्यालयहरुबाट कार्य संचालन भएको थियो । मिति २०७८।०२।०५ मा पर्यटन, उद्योग र वाणिज्यको कार्य जिम्मेवारी सहित पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय स्थापना भयो र वन तथा वातावरणको कार्यविभाजन अलग मन्त्रालयमा रहने गरी कार्यजिम्मेवारी विभाजन भयो । यसै बीच मिति २०७९।०५।२० को मन्त्रीपरिषदको निर्णयानुसार पर्यटन कार्यालय, पोखरालाई खारेज गरी पर्यटन को समेत जिम्मेवारी सम्पूर्ण जिल्ला कार्यालयहरुले गर्ने गरी जिल्लाका सवै कार्यालयको नाम पर्यटन तथा उद्योग कार्यालय कायम भयो । यसैक्रममा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको नाम पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मिति २०८२।०५।१५ को निर्णयानुसार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको समेत कार्य जिम्मेवारी जिल्ला स्थित कार्यालयले सम्पादन गर्ने गरी साविक पर्यटन तथा उद्योग कार्यालयको नाम एकीकृत सेवा कार्यालय कायम गरी हाल कार्य सम्पादन हुँदै आईरहेको छ । यस निर्णयबाट साविक पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज भएको छ । यी एकीकृत सेवा कार्यालयहरुले उद्योग तथा पर्यटन र सामाजिक युवा तथा खेलकुद मन्त्रालय गरी दुवै तर्फको कार्य सम्पादन गर्दै आएका छन । कार्य सम्पादन गर्दा प्रदेश कानून नबनेको हकमा सम्वन्धित संघीय कानून बमोजिम र प्रदेश कानून बनिसकेको हकमा सोही बमोजिम कार्य सम्पादन हुँदै आएको छ ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

प्रदेश कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यजिम्मेवारीः

(मिति २०८१।०५।१६ गते प्रदेश राजपत्रमा प्रकाशित)

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| २ | प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक र अन्य पर्यटन सम्वन्धी |
| ३ | पर्यटक प्रहरी व्यवस्थापन |
| ४ | पर्यटकीय होटेल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ एजेन्सी, गाइड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नविकरण र नियमन |
| ५ | होमस्टे सम्वन्धी नीति, कानून, मापदण्ड निर्धारण तथा विकास प्रवर्द्धन नियमन |
| ६ | पर्यटकीय पूर्वाधार, गन्तव्य र उपजको विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ७ | पर्यटकीय सेवाको विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ८ | पर्यटन सेवाको ब्राण्डिङ र प्रवर्द्धन |
| ९ | पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रसंग अग्र र पृष्ठ सम्वन्ध विकास र विस्तार |
| १० | व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्वन्धी प्रदेश नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन र सेन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| ११ | प्रादेशिक व्यापार सम्वन्धी पुर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान |
| १२ | ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| १३ | आर्थिक तथा औद्योगिक विषयमा करार जन्य सम्झौता |
| १४ | व्यापारिक फार्महरुको दर्ता, नविकरण, खारेजी र नियमन |
| १५ | खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रदेश नीति, कानून र मापदण्ड |
| १६ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्वन्धी कार्य |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १७ | प्रदेशका कल कारखाना र औद्योगिकरणको सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । |
| १८ | उद्योग दर्ता, अनुमति, नविकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन |
| १९ | प्रदेशस्तरको औद्योगिक क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र विशेष क्षेत्रको स्थापना, सञ्चालन र बिस्तार |
| २० | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| २१ | उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| २२ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियमन्त्रण तथा नियमन |
| २३ | सङ्घीय मापदण्ड अनुसार स्टाण्डर्ड नापतौल, गुणस्तर परीक्षण र नियमन |
| २४ | प्रदेश तथा जिल्लास्तरका उपभोक्ता अदालत गठन र सञ्चालन |
| २५ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तुको माग र आपूर्ति सम्वन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन, सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दात व्यवस्था र आपूर्तिमा अन्तरप्रदेश र स्थानीय तहबीच समन्वय |
| २६ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन |
| २७ | करार साझेदारी र एजेन्सी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २८ | सङ्घ संगको समन्वयमा कम्पनी स्थापना सम्वन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनि प्रशासन । |
| २९ | दामासाहीमा परेका उद्योग, व्यवसायी, कम्पनी तथा फर्म व्यवस्थापन सम्वन्धी नीति कानून मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| ३० | प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| ३१ | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| ३२ | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्वन्धी |
| ३३ | प्रदेशभित्रका साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३४ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| ३५ | उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरु उपयोग |
| ३६ | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |

## ३. मन्त्रालय र मातहतका कार्यालयहरुमा रहने कर्मचारी संख्या र कार्य विवरणः

३.१. मन्त्रालयको दरवन्दी र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पदनाम | तह | सेवा | समुह | दरबन्दी | कार्यरत | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रा.प प्रथम | प्रशासन | सा.प्र | १ | १ | ० |
| २ | अधिकृत एघारौँ | एघारौँ | प्रदेश प्रशासन | प्रशासन | १ | ० | १ |
| ३ | उपसचिव | नवौ/दशौ | प्रदेश प्रशासन | प्रशासन | २ | २ | ० |
| २ | प्रशासकिय अधिकृत | सातौ/आठौ | प्रदेश प्रशासन | प्रशासन | ५ | ५ | ० |
| ४ | लेखा अधिकृत | सातौ/आठौ | प्रदेश प्रशासन | लेखा | १ | १ | ० |
| ६ | कानून अधीकृत | रा.प तृतीय | न्याय | कानुन | १ | १ | ० |
| ५ | सहायक/अधिकृत | पाँचौ/छैटौ | प्रदेश प्रशासन | प्रशासन | ३ | ३ | ० |
| ८ | सहायक/अधिकृत | पाँचौ/छैटौ | प्रदेश प्रशासन | विविध | १ | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | प्रशासन सहायक | चौंथो/पाँचौ | प्रदेश प्रशासन | प्रशासन | १ | ० | १ |
| १२ | ह.स.चा. | श्रेणीविहिन | प्रदेश प्र. | विविध | ४ | ३ | १ |
| १३ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रदेश प्रशासन | विविध | ४ | ४ | ० |
| **कुल जम्माः** | | | | | **२४** | **२१** | **३** |

३.२. एकीकृत सेवा कार्यालय, कास्कीको दरवन्दी तेरिजः-

| क्र.सं. | पदनाम | तह | सेवा | समुह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | नवौ/दशौ | प्रदेश प्रशासन | प्रशासन | १ |
| २ | प्रशासकिय अधिकृत | सातौ/आठौ | प्रदेश प्रशासन | प्रशासन | २ |
| ३ | महिला विकास अधिकृत/प्र.अधिकृत | सातौ/आठौ | प्रदेश प्रशासन | विविध | १ |
| ४ | ईन्जिनियर | सातौ/आठौ | प्रदेश ईन्जिनियरिङ | सिभिल | १ |
| ५ | वरिष्ठ प्रशासन सहायक | पाँचौ/छैटौ | प्रदेश प्रशासन | प्रशासन | ४ |
| ६ | प्राविधिक सहायक | पाँचौ/छैटौ | प्रदेश शिक्षा | प्रशासन | १ |
| ७ | वरिष्ठ लेखा सहायक | पाँचौ/छैटौ | प्रदेश प्रशासन | लेखा | १ |
| ८ | कम्प्युटर अपरेटर | पाँचौ/छैटौ | प्रदेश प्रशासन | विविध | १ |
| ९ | सव-ईन्जिनियर | पाँचौ/छैटौ | प्रदेश ईन्जिनियरिङ | सिभिल | १ |
| १० | म.वि.नी./क.अपरेटर | पाँचौ/छैटौ | प्रदेश प्रशासन | विविध | १ |
| ११ | प्रशासन सहायक | चौंथो/पाँचौ | प्रदेश प्रशासन | प्रशासन | ० |
| १२ | ह.स.चा. | श्रेणीविहिन | प्रदेश प्र. | विविध | १ |
| १३ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रदेश प्रशासन | विविध | ३ |
| | | | | **जम्माः** | **१८** |

३.३. एकीकृत सेवा कार्यालय, गोरखा, तनहुँ, बागलुङ्ग, स्याङ्गजा र नवलपरासी (वर्दघाट सुस्तापूर्व)को दरवन्दी तेरिजः-

| क्र.सं. | पदनाम | तह | सेवा | समुह | खुद कायम |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | नवौ/दशौ | प्रदेश प्रशासन | प्रशासन | १ |
| २ | प्रशासकिय अधिकृत | सातौ/आठौ | प्रदेश प्रशासन | प्रशासन | २ |
| ३ | शाखा अधिकृत | सातौ/आठौ | प्रदेश शिक्षा | शिक्षा प्रशासन | १ |
| ४ | ईन्जिनियर | सातौ/आठौ | प्रदेश ईन्जिनियरिङ | सिभिल | १ |
| ५ | वरिष्ठ प्रशासन सहायक | पाँचौ/छैटौ | प्रदेश प्रशासन | प्रशासन | ३ |
| ६ | वरिष्ठ लेखा सहायक | पाँचौ/छैटौ | प्रदेश प्रशासन | लेखा | १ |
| ७ | सहायक/अधिकृत | पाँचौ/छैटौ | प्रदेश शिक्षा | शिक्षा प्रशासन | ० |
| ८ | कम्प्युटर अपरेटर | पाँचौ/छैटौ | प्रदेश प्रशासन | विविध | १ |
| ९ | सव-ईन्जिनियर | पाँचौ/छैटौ | प्रदेश ईन्जिनियरिङ | सिभिल | ० |
| १० | महिला विकास निरिक्षक | पाँचौ/छैटौ | प्रदेश प्रशासन | विविध | १ |
| ११ | सहायक प्रशासक | चौंथो/पाँचौ | प्रदेश प्रशासन | प्रशासन | १ |
| १२ | कम्प्युटर सहायक | चौंथो/पाँचौ | प्रदेश प्रशासन | विविध | ० |
| १३ | ह.स.चा. | श्रेणीविहिन | प्रदेश प्र. | विविध | १ |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रदेश प्रशासन | विविध | २ |

| | | |
|---|---|---|
| | **जम्माः** | **१५** |

३.४ एकीकृत सेवा कार्यालय लम्जुङ्ग/पर्वत/म्याग्दी/मनाङ्ग/मुस्ताङ्गको दरवन्दी तेरिजः-

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सातौआठौ/ | प्रशासन | सा प्रशासन | १ | |
| २ | अधिकृत/सहायक | पाँचौछैठौ/ | प्रशासन | साप्रशासन. | २ | |
| ३ | सहायक | पाँचौछैठौ/ | प्रशासन | लेखा | १ | |
| ४ | सहायक | पाँचौछैठौ/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ५ | सहायक | चौथो/पाँचौ | विविध | विविध | १ | |
| ६ | सहायक | चौथो/पाँचौ | प्रशासन | साप्रशासन. | २ | |
| ७ | हलुका सवारी चालक | तह विहिन | प्रशासन | | ० | |
| ८ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | २ | |
| | | | | **जम्मा** | **१०** | |

३.५ एकीकृत सेवा कार्यालयहरुको कार्य जिम्मेवारीः
(उद्योग तथा पर्यटन तर्फ मात्र)

(क) प्रशासन तथा योजना शाखा

- कार्यालयको संगठन संरचन तथा दरवन्दी विवरण अनुसार कर्मचारी व्यवस्थापन गर्ने तथा अभिलेख सम्बन्धी कार्य गर्ने
- वार्षिक योजना नीति कार्यक्रम तथा वजेट तयार गर्ने
- आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने
- जिन्सी सामानहरुको संरक्षण तथा अभिलेखिकरण गरने
- कार्यालय तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्ने

(ख) पर्यटन शाखा

- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी दर्ता अनुमती र नविकरण
- पर्यटकीय होटल रिसोर्ट लज ट्राभल गाइड र्याफ्टिङ्ग लगायत साहसिक पर्यटन आदिको प्रवर्धन दर्ता अनुमती नविकरण र नियमन
- वार्षिक विकास कार्यक्रम अनुसार पर्यटकिय पूर्वाधारहरुको निर्माण तथा विकास गर्ने

(ग) उद्योग तथा वाणिज्य शाखा

- उद्योगहरूको दर्ता गर्न
- उद्योगहरूको नामसारी, ठाँउसारी, पूँजीवृद्धि क्षमता वृद्धि उद्देश्य संशोधन आदी कार्य गर्न
- व्यावसाय सम्वर्द्धन सम्बन्धी कार्य
- औधोगिक मेला तथा प्रदर्शनीमा सहयोग
- उद्यमीहरुका लागि उद्यमशिलता सिपमुलक तथा स्तरोन्नति तालिम सञ्चालन गर्न
- उद्योगहरूको इजाजत प्रदान गर्न
- उद्योग प्रवर्द्धन सम्बन्धी कार्य
- बजारमुखी विभिन्न उद्योगहरुको स्कीम तयार गर्न
- उद्योगहरुलाई प्रविधि सहयोग उपलव्ध गराउने
- उद्योग सम्बन्धी तथ्याङ्क अद्यावधीक गर्न
- वाणिज्य फर्महरुको दर्ता गर्ने
- वाणिज्य फर्महरुको नामसारी, ठाँउसारी, पूँजीवृद्धि क्षमता वृद्धि उद्देश्य संशोधन आदी कार्य गर्न
- व्यावसाय सम्वर्द्धन सम्बन्धी कार्य

- उपभोक्ता सचेतना तथा बजार अनुगमन सम्बन्धी कार्य गर्ने
- वाणिज्य सम्बन्धी तथ्याङ्क अद्यावधीक गर्न

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवाहरु

- ✓ मन्त्रालयको सामान्य प्रशासन
- ✓ मन्त्रालयको आर्थिक प्रशासन
- ✓ मन्त्रालय तथा मातहत निकायहरुबाट कार्यान्वयन हुने कार्यक्रम तथा योजना तर्जुमा
- ✓ स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयन
- ✓ मातहतका कार्यालयहरुको अनुगमन मुल्यांकन
- ✓ प्रदेशका गौरवका आयोजनाको कार्यान्वयन, अनुगमन र मुल्यांकन
- ✓ मन्त्रालयको कार्यक्षेत्रसंग सम्वन्धित विषयका नीति, ऐन, कानून, कार्यविधि तथा मापदण्ड तर्जुमा

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारीः

| क्र.सं. | महाशाखा/शाखा | कर्मचारीको नाम | पद | श्रेणि |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना महाशाखा | टीकाराम पौडेल | उपसचिव | दशौं |
| | योजना तथा अनुगमन / सार्वजनिक खरिद | बिमल प्रसाद गौतम | ब.प्र.अधिकृत | आठौं |
| | प्रशासन | प्रदिप आचार्य | अधिकृत | सातौं |
| | आर्थिक प्रशासन | दयामोहन आचार्य | लेखा अधिकृत | आठौं |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | दिक्षा अर्याल | कानून अधिकृत | रा.प.तृ. |
| | | गोविन्द प्रसाद रिज्याल | अधिकृत | छैठौं |
| | सचिवको सचिवालय | विष्णु प्रसाद अधिकारी | सहायक | पाँचौ |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति महाशाखा | महराज ढकाल | उपसचिव | नवौं |
| | औद्योगिक प्रवर्द्धन र वाणिज्य तथा आपूर्ति | अशोक कुमार नेपाली | ब.प्र.अधिकृत | आठौं |
| | | बाबुराम बराल | सहायक प्रशासकीय अधिकृत | छैठौं |
| ३ | पर्यटन महाशाखा | टीकाराम पौडेल | उपसचिव | दशौं |
| | पर्यटन प्रर्वद्धन | राममणी ढुंगाना | अधिकृत | सातौं |
| | | भरतराज भुषाल | सहायक प्रशासकीय अधिकृत | छैठौं |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधीः-

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः-

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिबबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः-

प्रदेश सचिवः रोशन ज्ञवाली

## ९. आर्थिक वर्ष ०८२/८३ मा २०८३ बैशाख देखि असारसम्म सम्पादन भएका कामको विवरण :-

रकम रु हजारमा

| क्रसं | शीर्षक | बजेट | रोक्का | खर्च |
|---|---|---|---|---|
| १ | 2.7.24.1 निति, ऐन, नियम, कार्यविधि, निर्देशिका तर्जुमा तथा संसोधन | २५०० | १२५० | ३४६ |
| २ | 2.7.25.297 स्थानीय तहसँगको सहकार्य र सहलगानीमा बृद्धीमुखि उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEPP) | ४००० | ० | २७२३ |
| ३ | 2.7.25.297 स्थानीय तहसँगको सहकार्य र सहलगानीमा बृद्धीमुखि उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEPP) | ४००० | ० | ३६१५ |
| ४ | 2.7.25.297 स्थानीय तहसँगको सहकार्य र सहलगानीमा बृद्धीमुखि उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEPP) | ४००० | ० | ३७२४ |
| ५ | 2.7.25.297 स्थानीय तहसँगको सहकार्य र सहलगानीमा बृद्धीमुखि उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEPP) | ४००० | ० | २९४९ |
| ६ | 2.7.25.297 स्थानीय तहसँगको सहकार्य र सहलगानीमा बृद्धीमुखि उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEPP) | ४००० | ० | ३००७ |
| ७ | 2.7.5.325 उद्योग र उपभोक्ता सचेतना दिवस मनाउने | १०० | ० | ० |
| ८ | 2.7.25.223 प्रगति समिक्षा कार्यक्रम | ३०० | ० | २३ |
| ९ | 2.7.29.1 बार्षिक प्रगति पुस्तिका प्रकासन | २०० | ० | १९६ |
| १० | 11.4.19.701 लोकाहाखोला र पुँडिटारमा प्रदेशस्तरीय औधोयोगिक क्षेत्रमा पूर्वाधार निर्माण | १००० | ० | ० |
| ११ | 2.5.2.1 गोरखा दरबार, मनकामना मन्दिर, लिगलिगकोट दरबार, क्होलासोथर, लमजुङ दरबार, विन्ध्यवासिनी मन्दिर, लोमान्थाङ दरबार, मुक्तिनाथ मन्दिर, बाग्लुङ कालिका. पुर्कोट कालिका लगायतका सम्पदाहरुलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि अध्ययन | १००० | ० | ० |
| १२ | 2.7.7.129 पर्यटन गुरुयोजनाको पूनरावलोकन | १५०० | ७५० | ० |
| १३ | 2.7.25.232 गण्डकी प्रदेशका पर्यटकिय गन्तव्यहरुको प्रचार प्रसार कार्यक्रम | २००० | १००० | २०० |
| १४ | 2.7.25.275 पर्यटन व्यवसायीहरुसँग अन्तरक्रिया कार्यक्रम | ६४० | ३२० | ० |
| १५ | 2.7.25.278 पदमार्गहरुमा सूचनापार्टी तथा संकेत चिन्हहरुको व्यवस्था | ५०० | ० | ० |
| १६ | 2.7.25.284 प्रदेश भित्रका पर्वतारोहीलाई सहयोग तथा सम्मान कार्यक्रम | ५०० | ० | ० |
| १७ | 2.7.25.294 पदमार्ग र पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन | ५०० | ० | ० |
| १८ | 2.7.25.303 HAAN सँगको सहकार्यमा नेपाली नयाँ वर्ष पर्यटन प्रवर्द्धन कार्यक्रम | १००० | ० | ० |
| १९ | 2.7.25.304 REWAN सँगको सहकार्यमा अंग्रेजी नयाँ वर्ष पर्यटन प्रवर्द्धन कार्यक्रम | १००० | ० | १००० |
| २० | 2.7.25.306 Alpine Sport कार्यक्रम सहयोग | १५०० | ० | ० |
| २१ | 2.7.25.315 घरपझोङ गा.पा.सँगको सहकार्यमा पहिले घरदेश अनि परदेश कार्यक्रम | १००० | ५०० | ० |
| २२ | 2.7.25.318 पदमार्गको दिगो विकास रणनीतिक योजना निर्माण | ५०० | ० | ० |
| २३ | 2.7.25.319 आन्तरिक पर्यटन प्रवर्द्धनका लागी विदा पर्यटन कार्यक्रम | ३३०० | ३३०० | ० |
| २४ | 2.7.25.320 होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्दि अन्तर्गत पाक शिक्षा तालिम | १२५० | ० | २०० |
| २५ | 2.7.25.321 होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्दि अन्तर्गत नेतृत्व विकास तालिम | ११०० | ० | ० |
| २६ | 2.7.25.322 होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्दि अन्तर्गत सुचना प्रविधि सम्बन्धी तालिम | ५०० | ० | २५० |

| क्रसं | शीर्षक | बजेट | रोक्का | खर्च |
|---|---|---|---|---|
| २७ | 2.7.25.323 होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्धि अन्तर्गत साँस्कृतिक विकास सम्बन्धी तालिम | १००० | ० | ० |
| २८ | 2.7.25.324 पोखरालाई पर्टकिय राजधानी घोषणा प्रतिवेदनको अंग्रेजी संस्करणमा ट्रान्सेलसन तथा छपाई | ५०० | ० | ० |
| २९ | 2.7.25.325 गोरखा दरबार, मनकामना मन्दिर, लिगलिगकोट दरबार, क्होलासोथर, लमजुङ दरबार, विन्ध्यवासिनी मन्दिर, लोमान्थाङ दरबार, मुक्तिनाथ मन्दिर, बाग्लुङ कालिका. पुर्कोट कालिका लगायतका सम्पदाहरुलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न समन्वय, सहकार्य र अन्तरकृया | २००० | ० | ० |
| ३० | 2.7.25.326 होमस्टेहरूको गुणस्तर मानक तर्जुमा, मूल्याङ्कन, स्तरीकरण | १००० | ० | ० |
| ३१ | 2.7.25.327 ABC पदमार्ग क्षेत्रमा संलग्न समुदायको क्षमता अभिबृद्धी कार्यक्रम | ५०० | ० | ० |
| ३२ | 2.7.25.328 ठुला सार्वजनिक डिजटल डिस्प्ले ( Billboards) वा टेलिभिजन मार्फत पर्यटन सम्बन्धी प्रचार प्रसार | ५०० | २५० | ० |
| ३३ | 2.7.25.330 नेपालका प्रमुख शहरहरुमा पोखरा जाउँ प्रकृति र संस्कृति सँग रमाउँ अभियान सञ्चालन | १००० | ५०० | ० |
| ३४ | 2.7.25.331 प्रख्यात पदयात्री / सेलिब्रेटी कलाकारहरु सँग पर्यटकिय पदयात्रा कार्यक्रम | १५०० | ७५० | ० |
| ३५ | 2.7.25.332 आरोग्य पर्यटन प्रवर्द्धन अन्तर्गत अध्यात्मिक कार्यक्रम | २००० | ० | ० |
| ३६ | 2.7.25.335 होमस्टे महासंघ नेपाल गण्डकी प्रदेश पोखराको सहकार्यमा असल अभ्यास आदान प्रदान | १५० | ० | १५० |
| ३७ | 11.6.3.10 पर्यटकको तथ्याङ्क संकलनका लागि प्रणाली विकास | ४०० | ० | ० |
| ३८ | 11.6.16.1 पोखरा-पञ्चासे-डहरे-चिसापानी-गोर्ल्याङ्ग-सेतीवेणी पर्यटकीय (आर्कीड पदमार्ग) को DPR निर्माण | १००० | ० | ० |
| ३९ | 11.6.16.2 11.5.40.23 प्रदेश औद्योगिक क्षेत्रको EIA गरेवापतको बाँकी रकम भुक्तानी | ११०० | ० | ० |
| ४० | 11.6.16.4 गैंडाकोट-मौलाकाली-देवचुली-बरचुली-नारिभञ्ज्याङ्ग पदमार्गको DPR निर्माण | १००० | ० | ० |
| ४१ | 11.6.16.5 मट्टीखान-फोकसिङ्ग-बरपाण्डेथुम-मनियालडाँडा-हुँडीकोट पर्यटकीय सम्भाव्यता अध्ययन | ५०० | ० | ० |
| ४२ | 11.6.16.6 गोरखा दरबार, मनकामना मन्दिर, लिगलिगकोट दरबार, क्होलासोथर, लमजुङ दरबार, विन्ध्यवासिनी मन्दिर, लोमान्थाङ दरबार, मुक्तिनाथ मन्दिर, बाग्लुङ कालिका. पुर्कोट कालिका लगायतका सम्पदाहरुलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि अध्ययन | ५०० | ० | ० |
| ४३ | 11.6.16.7 कालीगण्डकी करीडोर धार्मिक सर्किट विकासका लागि गुरुयोजना निर्माण | ५०० | ० | ० |
| ४४ | 2.6.4.88 संघसंस्थाको सहकार्यमा मागमा आधारित सीपमूलक तालिम | २००० | ० | ११ |
| ४५ | 2.7.25.172 वजार अनुगमन तथा नियमन | ३६० | ० | ० |
| ४६ | 2.7.25.276 उद्योगी तथा व्यवसायीहरुसँग अन्तरक्रिया कार्यक्रम | ९०० | ४५० | ३३६ |
| ४७ | 2.7.25.277 घोषणा भएका उद्योगग्रामहरुमा अन्तरक्रिया कार्यक्रम | ५०० | २५० | ० |
| ४८ | 2.7.25.307 घरेलु मदिराको गुणस्तर र ब्राण्डीङ्ग सम्बन्धी कानूनी सचेतना | ६०० | ० | २३७ |
| ४९ | 2.7.25.308 बृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEP) को प्रभाव मुल्याङ्कन | ५०० | ० | ४० |

| क्रसं | शीर्षक | बजेट | रोक्का | खर्च |
|---|---|---|---|---|
| ५० | 2.7.25.309 बृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEP) बाट प्राप्त ज्ञान, सिकाई, अनुभव संस्थागत तथा सम्प्रेषण र अनुगमन मुल्याङ्कन | ८०० | ० | ३३ |
| ५१ | 2.7.25.317 DPR भएको औद्योगिक क्षेत्रमा क्षेत्रफल एकिन, रुख गणना र कटान | ९०० | ० | ५५६ |
| ५२ | 2.7.25.329 बजार अनुगमन अधिकृतलाई क्षमता विकास तालिम | ५०० | ० | ० |
| ५३ | 2.7.25.334 परम्परागत शिल्पीहरूलाई आधुनिक प्रविधिका उपकरण हस्तान्तरण | ८०० | ० | २६ |
| ५४ | 1.3.5.2 उद्योग तथा पर्यटनसँग सम्वन्धित मेला महोत्सव सहयोग कार्यक्रम | २००० | ० | १०५० |
| ५५ | 2.7.25.282 स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रोत्साहन कार्यक्रम | १५०० | ० | ६ |
| ५६ | 2.7.25.316 उद्योग तथा पर्यटन क्षेत्रको अन्तरप्रदेश सिकाई, अनुभव आदान प्रदान कार्यक्रम | ६०० | ३०० | ० |

## १०. मन्त्रालयबाट आ.व. ०८२/०८३ को बैशाख-असारसम्ममा भएका मुख्य मुख्य उपलब्धीहरुः

- होमस्टे संचालकहरुको क्षमता अभिबृद्दी कार्यक्रम संचालन ।
- पर्यटकीय पूर्वाधारका २१४ योजना सम्पन्न, बाँकी योजनाहरुको कार्यान्वयनको चरणमा अगाडी बढेका ।
- दोश्रो भारत नेपाल पर्यटन मिट २०२६ पोखरामा सम्पन्न ।
- अंग्रेजी नयाँ वर्ष २०२६ रेवान सँगको सहकार्यमा सम्पन्न ।
- पर्यटकीय मेला महोत्सवहरुमा सहयोग ।
- होमस्टे संचालकहरुका लागि क्षमता विकास कार्यक्रम अन्तरगत ५ स्थानमा पाकशिक्षा कार्यक्रम सम्पन्न ।
- HAAN सँगको सहकार्यमा नेपाली नयाँवर्ष कार्यक्रम सम्पन्न ।

- बृद्दीमुखी उद्यमशिलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम ५ वटा पालिकाहरुमा निरन्तरता ।
- सिप विकास तालिम, प्रविधि हस्तान्तरण र उपभोक्ता सचेतना कार्यक्रमहरु संचालन भैरहेका ।
- विभिन्न उद्योग प्रवर्द्धन गर्ने मेला महोत्सवहरुमा सहयोग ।
- उद्योगसँग सम्वन्धित ३ वटा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत ।
- प्रदेश ओद्योगिक क्षेत्रहरुको क्षेत्रफल एकिन र रुख गणना कार्य अगाडी बढीरहेको । लोकाहाखोलाको प्रतिवेदन संघीय सरकारमा पठाईएको ।

**नीति तथा कानून**

ऐन

गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८१,

गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०७५

गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८२

गण्डकी प्रदेशमा खानी तथा खनिज सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभा दर्ता

गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली, २०८२ मस्यौदा तर्जुमाको चरणमा रहेको,

गण्डकी प्रदेश औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन नियमावली २०८२ को मस्यौदा तर्जुमाको चरणमा रहेको,
गण्डकी प्रदेश घरेलु मदिरा नियमावली २०८२ को मस्यौदा तर्जुमाको चरणमा रहेको,
नीति
गण्डकी प्रदेश पर्यटन नीति २०८२ को मस्यौदा अन्तिम चरणमा रहेको,
कार्यविधि
वृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्धन (GEEP) कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८१
वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८२
गण्डकी प्रदेश उद्योग, वाणिज्य तथा पर्यटन प्रशासन सेवा प्रवाह कार्यविधि दिग्दर्शन मस्यौदा अन्तिम चरणमा रहेको ।

## ११. **कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :-**

कार्यालय प्रमुख: रोशन ज्ञवाली

सूचना अधिकारी: बिमल प्रसाद गौतम, बरिष्ठ प्रशासकिय अधिकृत

## १२. **हालसम्मका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:-**

१. गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५
२. गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०
३. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९
४. गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९
५. प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६
६. बजार अनुगमन नियमावली, २०७६
७. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८
८. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९
९. होमस्टे सशक्तिकरण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास कार्यसञ्चालन कार्यविधि (पहिलो संशोधन), २०७६
१०. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

## १३. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरणः**

२०८२ श्रावण देखि २०८३ असार मसान्तसम्म यस मन्त्रालय र मातहत निकायमा विनियोजित बजेट तथा खर्चको अवस्थाः

रकम रु हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | खुद बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा |
| १ | ३०७०००११३ उद्योग तथा पर्यटन मन्त्रालय | ९९९२६ | १०५०० | ११०४२६ | ४१६१२ | १६३४ | ४३२४६ | ४१.६४ | १५.५६ | ३९.१६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ३०७०१०११३ पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २२००६ | ० | २२००६ | ३३२३ | ० | ३३२३ | १५.१ | | १५.१ |
| ३ | ३०७०१०१२३ पर्यटन तथा उद्योग कार्यालयहरु | १४३७८४ | ५७६०१९ | ७१९८०३ | ६२९९२ | ३७४२९९ | ४३७२९१ | ४३.८१ | ६४.९८ | ६०.७५ |
| **जम्मा** | | **२६५७१६** | **५८६५१९** | **८५२२३५** | **१०७९२७** | **३७५९३३** | **४८३८६०** | **४०.६२** | **६४.१** | **५६.७८** |

## १४. सार्वजनिक निकायको वेभसाइट

यस मन्त्रालयको वेभसाइट https://www.motics.gandaki.gov.np रहेको छ ।
अन्य आवश्यक सूचनाका लागी मन्त्रालयको अधिकारीक फेसबुक पेज
https://www.facebook.com/gandakimoitfe/

Youtube:- https://www.youtube.com/@moticsgandaki

तथा मुख्य पर्यटकीय गन्तव्यहरुको सूचना सहितको वेव पोर्टल www.tourism.gandaki.gov.np रहेको छ।

## १५. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली

हालसम्म सवै सूचना खुला रहेको ।

## १६. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन

चालु आ.व. मा माग भएको र उपलब्ध गराएको सूचना संख्या – ६९  (अधिकांश जलेको)

## १७. मन्त्रालयले गरेको प्रकाशनको विवरण

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट https://www.motics.gandaki.gov.np मा हेर्न सकिने छ ।